# आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम

**सभाका आदरणीय सदस्यज्यूहरु तथा अतिथि महानुभावहरु,**

अहिले हामी कोभिड-१९ को भयानक महामारीको सामना गरिरहेका छौँ । यो काम जटिल र चुनौतिपूर्ण भएतापनि यसलाई व्यवस्थापन गर्दै अगाडि बढ्नुको विकल्प हामीसँग छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस गाउँपालिकाको जननिर्वाचित अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष ०७७।०७८ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको सम्मान, स्वतन्त्रता तथा अमनचैन जस्ता नागरिक तथा राजनीतिक अधिकार प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट मृत्यु भएकाहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उपचाररत संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । । कोडिभ १९ को संक्रमण न्यूनीकरणमा अग्रपङ्तीमा अहोरात्र खटिनु भएका स्वास्थ्यकर्मीहरु, एम्बुलेन्स चालकहरु, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु, राजनैतिक दलहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु, संघसंस्थाहरु, नागरिक समाजका अगुवाइ गर्ने महानुभावहरु सवैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दै राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको तीन वर्ष वितिसकेको छ । यो तीन वर्षको अनुभव तथा भोगाइको क्रममा विकास र समृद्धिको लागि हामीसँग प्रशस्त अवसरहरु भएपनि विविध समस्या तथा चुनौतीहरु पनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौं । हामीसँग उपलब्ध सीमित साधन र श्रोतका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हाम्रो सम्पूर्ण रोशी परिवार चिन्तित थियौं, छ र हुने नै छ । संघीय लोकतान्त्रिक गणतन्त्रसँगै बढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत समग्र रोशी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफूलाई गौरवान्दित भएको महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिका बासीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाजका अभियन्ताहरु, अहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकार, बुद्धिजीवी तथा समाजसेवीहरु प्रति आभार व्यक्त गर्दछु ।

नेपालको मध्यक्षेत्रमा अवस्थित काभ्रेपलाञ्चोक जिल्लाको यस रोशी गाउँपालिका प्राकृतिक श्रोत, कृषि र पर्यटनमा प्रचुर सम्भवना बोकेको गाउँपालिका हो । संघीय राजधानीको प्रवेशद्धारको रुपमा रहेको वि.पि. लोकमार्गस ँगै अविरल बग्ने धार्मिक महत्वको रोशी खोला संरक्षण गर्दै साँस्कृतिक डम्फू जीवन्त सङ्ग्रहालय निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न सक्ने सम्भावन ा पनि उत्तिकै रहेको छ । राजधानी नजिक भएको तथा बि.पी राजमार्गमा हुने आवागमनले विभिन्न संक्रामक रोगहरु भित्रिने समेत चुनौती रहेको छ । बेसी देखि पहाड सम्मको सबै प्रकारको प्राकृतिक विविधता बोकेको यस क्षेत्रमा कृषि र पर्यटनलाई नमुनाको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याइ गाउँपालिकाको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना रहेको हुँदा समग्र गाउँपालिकाको आवधिक विकास योजना बनाई आगामी दिनमा अगाडि बढाइनेछ ।

**गाउँ सभाका सदस्य तथा अतिथि महानुभावहरु,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु। नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु।

**सोच**

सुशिक्षित नागरिक, स्वच्छ वातावरण, समृद्ध रोशी, भ्रष्टाचार मुक्त समाज।

**लक्ष्य**

रोशी गाउँपालिकाका प्रत्येक नागरिकको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउने।

**उदेश्य**

१. रोशी गाउँपालिकाका सबै नागरिकको घरदैलोमा विकासका पूर्वाधारको सहज पहुँच पुर्याउने।

२. आधुनिक र व्यावसायिक कृषि प्रणाली तथा उद्योग तथा पर्या पर्यटन मार्फत उद्यमशिलता र रोजगारीको अवसर सिर्जना गरी जनताको आयस्तरमा वृद्धि गर्ने।

३. संक्रामक लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने।

४. शिक्षामा सबै बालबालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने।

५. रोशी गाउँपालिकामा जोखिममा रहेका वर्ग र सामाजिक विभेद र उत्पिडनमा परेका नागरिकहरुको दूर्व्यवहार, भेदभाव र हिंसाको अन्त्यसँगै समतामूलक विकास मार्फत सम्मानपूर्वक जीवन जिउन पाउने वातावरण निर्माण गर्ने।

६. गुणस्तरीय स्वास्थ्य सेवा तथा सुरक्षित खानेपानी र सरसफाईमा नागरिकको सहज पहुँच पुर्याउने।

७. वन तथा भू संरक्षण एवं फोहोरमैलाको उचित व्यवस्थापन गरी रोशी जलाधारको संरक्षण गर्दै प्रकोप जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनमा उत्थानशिल र स्वच्छ वातावरणयुक्त समुदाय निर्माण गर्ने।

८. गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता, जवाफदेहीता र नागरिकमा सन्तुष्टी कायम गर्ने।

**९.** स्थानीय श्रोत साधनहरुको परिचालन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने।

**अब म गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को विषय क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

**विषय क्षेत्रगत नीतिहरु:**

**पूर्वाधार विकास (सडक , सिंचाई, उर्जा, संचार)**

१. रोशी गाउँपालिकाको भवन निर्माण गर्ने कार्य आगामी आर्थिक वर्षमा नै प्रारम्भ गर्ने गरी तयारी गरिनेछ।

२. गाउँपालिका सवै वडाहरु र थप तीन वटा स्वास्थ्य चौकी तथा इकाइ निर्माण एवम् स्थापना कार्य सम्पन्न गरी आफ्नै स्वामित्वमा रहेको आसिसि भवनमा आगामी आर्थिक बर्षको मध्यावधिभित्र नै कार्यालय सार्ने गरी प्रबन्ध गरिनेछ।

३. केन्द्र तथा प्रदेश सरकारसँगको समपूरक एवम् विशेष अनुदाको साझेदारीमा कम्तीमा ६ वठा ठूला आयोजनाहरु सञ्चालन गर्ने जसले गर्दा गाउँपालिकाभित्र देखिने गरी काम हुने र छरिएका र टुक्रे आयोजनाहरुको संख्या न्यूनीकरण भइ आयोजनाको रकमको आकार सानो बनाउने मानसिकताबाट मुक्त हुने अपेक्षा समेत गरिएको छ ।

४. स्थानीय सडकहरुको निर्माण तथा उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिई खास गरी पानीको मुहान, खोला, खोल्सी, वनको संरक्षणलाई प्राथमिकता दिइनेछ । डोजर जस्ता ठूला मेसिनहरुको जथाभावी प्रयोगलाई नियन्त्रण र निरुत्साहित गरिनेछ ।

५. खेती योग्य जमीनमा सिंचाईको सम्भाव्यता अध्ययन गरी खोला तथा थोपा सिंचाई विस्तार योजना मार्फत उत्पादन वृद्धिमा जोड दिइनेछ ।

६. गाउँपालिका भित्रका नागरिकलाई सूचनाको हक दिलाउन रेडियो र साप्ताहिक पत्रिका मार्फत सूचना प्रवाह गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. पुनःनिर्माण अन्तर्गतको निजी आवास निर्माणमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग प्रभावकारी समन्वय गर्ने र गाउँपालिकाले निर्माण गरेको कार्यविधि अनुरुप नक्सा पास गरेर मात्र भवन निर्माण कार्य गरिनेछ ।

८. पूर्वाधार अन्तर्गतका सबै निर्माण कार्य उत्पादनमुखी, वातावरण मैत्री, अपांगतामैत्री, बालमैत्री,जेष्ठ नागरिकमैत्री र प्रकोप प्रतिरोधी बनाइने छ ।

९. गाउँपालिकाका सबै वस्तीहरु सडक सञ्जालबाट जोडिनको लागि बजेट विनियोजनमा प्राथमिकता दिइनेछ र वडाका केन्द्रहरु जोड्ने सडकको स्तरोन्नति गरिनेछ ।

१०. स्थानीय सडक गुरुयोजना बनाई सडकहरुलाई पर्यटकीय, ऐतिहासिक र हरित लगायतमा वर्गीकरण गर्ने र सोही अनुरुप प्राथमिकताक्रम अनुसार मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

११. भुकम्प पछिको पुनःनिर्माणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरी स्थानीय सामग्रीको प्रयोगलाई बढावा दिइनेछ ।

**आर्थिक विकास (कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी, वित्तिय)**

१. **"रोशीको दृष्टी पर्यटन र कृषि"** भन्ने मूल नारालाई सापेक्ष तुल्याउन कृषि उत्पादन वृद्धिको लागि विभिन्न कार्यक्रम तथा पर्यटकीय क्षेत्रको रुपमा रहेका विभिन्न धरोहरहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

२. प्राकृतिक स्रोत व्यवस्थापन तथा आर्थिक विकासका अभियानमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

३. कृषक र उद्यमीहरुका लागि प्रत्येक वडामा लगानीका लागि ब्याज अनुदानको व्यवस्था मार्फत उद्यमशीलता वृद्धिमा जोड दिइनेछ ।

४. पशु तथा बालीहरुमा लाग्ने रोगको पहिचान तथा उपचारको लागि रोग निदान तथा डिस्पेन्सरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. व्यावसायिक शिक्षा अन्तर्गगत कृषि विषय पठनपाठन हुने विद्यालयसँग साझेदारी र समन्वय गरी कृषि उत्पादन र कृषकहरुको क्षमता विकासमा सहयोग पुर्याइनेछ ।

६. हिउँदे तथा वर्षे फलफुल खेतीलाई प्रोत्साहन दिँदै विभिन्न कृषि उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन वृद्धिमा सहयोग पुर्याइनेछ ।

७. स्थानीय तहमा उपलब्ध खानी तथा खनिज पदार्थको तथ्याङ्क संकलन, अभिलेख र व्यवस्थापन कार्य गरिनेछ । खानी तथा खनिज पदार्थको संरक्षण र उपयोग सम्बन्धी नीति र मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

८. आन्तरिक पर्यटन प्रवर्धनको लागि डम्फू जीवन्त सङ्ग्रहालय निर्माण गरिनेछ र निलाम्बरी फूलको संरक्षित क्षेत्र र तीन धारे झरना लगायतका पर्यटकीय गन्तव्यहरुको खोजी गरिनेछ ।

९. केन्द्र र प्रदेश सरकारको लागत साझेदारीमा औद्योगिक ग्राम निर्माण प्रारम्भ गरिनेछ ।

१०. खेती योग्य जग्गामा बालीनाली र खेती अयोग्य तथा कमसल जग्गामा पशुपालन सञ्चालन गर्ने, खेर गएको भीर पाखामा चिउरी , तेजपात र अन्य बहुवर्षीय घाँस र डालेघाँस लगाउन कृषकहरुलाई प्रेरित गरिनेछ ।

११. दातृ संस्था, गैरसरकारी संस्था, प्रदेश र केन्द्र सरकारसँग समन्वय र सहकार्यमा आर्थिक विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पर्यटन प्रवर्धनको लागि घ्याङडाँडा देखि ताराखसे लेक सम्मको पर्यटकीय पदमार्ग सञ्चालनको लागि पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

१३. महाभारत लेक लगायत उच्च पहाडी क्षेत्रमा उच्च मूल्यका फलफुल वाली, ड्रागन फ्रुट, किवि, कागती, बदाम, अलैची, ओखर जस्ता बालीहरुलाई पकेटको रुपमा विस्तार गरिनेछ ।

१४. कृषि फर्म, कृषि सहकारीसँग व्यावसायिक कृषि उत्पादन तथा पशुपालन लागि साझेदारी कार्यक्रम अगाडी बढाइने छ ।

१५. तरकारी पकेट क्षेत्रमा यस अघि बनाईएका व्यावसायिक तरकारी डेमो(नमुना) फर्महरुमा युवाहरुलाई समेटी रोजगारीमा आबद्ध गरिने छ ।

१६. व्यावसायिक पशुपालन ( बाख्रा, भैसी, गाई) गर्नेहरुको निम्ति **जसको मन उसैलाई संरक्षण कार्यक्रम** गरी पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. गैरकृषिजन्य क्रियाकलापमा भूमिको प्रयोगलाई निरुत्साहित गरी कृषि प्रणालीलाई व्यवस्थित गर्न भू-उपयोग योजना निर्माण गरिनेछ ।

१८. **"कृषिमा उद्यमशीलता - आजको आवश्यकता"** भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ र साना तथा घरेलु उद्योगहरु सञ्चालनको लागि सहजीकरण गरिनेछ ।

१९. कृषि-जैविक विविधताको महत्व भएका बाली तथा वस्तुहरुको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम संचालन गरिनेछ।

२०. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषक पाठशाला, नयाँ प्रविधिको प्रयोग, लगायतका सिर्जनात्मक कार्य गरिनेछ। पशुपालनलाई आय आर्जनको आधारको रुपमा स्थापित गरिनेछ। जसका लागि नश्ल सुधार, कृत्रिम गर्भधारण, चरण क्षेत्र विकासमा जोड दिइनेछ।

२१. रोशी खोलाको शुद्धिकरण गर्दै आय आर्जन र पर्यटकीय गन्तव्य निर्माणको आधार तयार गरिनेछ।

२२. वनजंगलमा पाइने जडिवुटि उत्पादन तथा प्रशोधन केन्द्र स्थापनाको लागि लगानीकर्तालाई आमन्त्रण गरिनेछ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति, समावेशीकरण)**

१) कोभिड-१९को संक्रमणको सन्त्रास (Lockdown/बन्दाबन्दी)बाट अवरोध भएको विद्यालय शिक्षाको शिक्षण सिकाइ तथा पठनपाठनलाई सुचारु गर्न एफ एम रेडियोसँगको सहकार्यमा **रेडियो शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ।

२) विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित गाउँपालिकास्तरीय **श्रव्य तथा दृश्य (Audio-visual) सामग्री** निर्माण तथा प्रयोगमा जोड दिइनेछ।

३) विद्यालय तहमा कोभिड-१९ को सन्त्रासलाई न्यूनीकरण गर्न शिक्षक, विद्यार्थी, अभिभावकमा **मनोसामाजिक परामर्श (Psycho-social counselling) कार्यक्रम** सञ्चालन गरिनेछ।

४) आधारभूत तथा माध्यमिक तहका सवै विषयका पठनपाठन प्रभावकारी बनाउन मौजुदा संयन्त्रलाई प्रभावकारी परिचालन गरिनेछ।

५) स्वास्थ्य संस्थाहरुको सहयोगमा विद्यालयमा हेल्थ प्रोटोकल पालना गर्न तथा विद्यालयमा स्वास्थ्य र सरसफाइ प्रवर्द्धन गर्न **विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ।

६) पालिकास्तरीय तहगत तथा विषयगत **सिकाइ समूह गठन** र परिचालन मार्फत् विद्यालय शिक्षाको गुणस्तर सुधारमा टेवा पुर्याइनेछ।

७) विद्यालय शिक्षाको प्रवर्द्धन गर्न **"विद्यार्थीसँग जनप्रतिनिधि"** कार्यक्रम सञ्चालन गरिनेछ।

८) विद्यार्थीको कक्षागत, तहगत र विषयगत सिकाइ उपलब्धीका आधारमा **उत्कृष्ठ विद्यार्थी तथा शिक्षक छनोट तथा सम्मान** गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९) सूचना प्रविधिमैत्री कक्षा व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम प्रदेश सरकार र संघीय सरकारको समन्वय र सहकार्यमा अगाडी बढाइनेछ।

१०) तीनै तहका सरकारहरुको सहकार्य र समन्वयमा विद्यालय शिक्षाको कन्टेजिन्सी प्लान निर्माण र कार्यान्वयन गरिनेछ ।

११) विद्यालय तहको शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न विद्यालयस्तरको **रेडियो quiz कार्यक्रम** सञ्चालन गरिनेछ।

१२) विद्यालयको संस्थागत निर्णयमा विद्यार्थीको पहुँच सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति लगायत अन्य संयन्त्रमा सहभागी हुने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१३) विद्यालय शिक्षाको सिकाइमा टेवा पुर्याउन शिक्षण पेशालाई सम्मानित एवम् मर्यादित बनाउन शिक्षकलाई अधिकत्तम शैक्षिक तथा पेसागत गतिविधिमा संलग्न गराउने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१४) संघ/प्रदेश तथा अन्तरपालिकासँग समन्वय गरी शिक्षकको पेशागत उन्नयनका लागि **प्रविधिमैत्री अनलाइन तथा अफलाइन** तालिम/प्रशिक्षणको व्यवस्था गरिनेछ ।

१५) माध्यमिक तथा आधारभूत विद्यालयको सिकाइलाई डिजिटल तथा भर्चुयल प्रविधि उन्मुख गराउन पहल गरिनेछ ।

१६) सवै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला/सूचना प्रविधि प्रयोगशाला/पुस्तकालय स्थापना गर्न समन्वय र सहकार्य गरिनेछ ।

१७) विद्यालय उमेर समुहका बालबालिकाहरुलाई सामाजिक विकृतिहरु (धुम्रपान तथा मध्यपान) बाट बचाउन विद्यालय मार्फत् समुदायगत तथ्याङ्क सर्वेक्षण गरी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१८) विद्यालय तहको शिक्षा देखि नै कृषि श्रमप्रति सकारात्मक सोचको विकास गर्न तथा कृषिको व्यवसायीकरण तथा विविधीकरण र आधुनिकीकरण गर्न स्थानीय पाठ्यक्रमलाई आवश्यकताका आधारमा अध्यावधिक र समसामयिक बनाइनेछ ।

१९) प्रदेश सरकारको सहयोग र समन्वयमा विद्यालय स्वास्थ्य तथा पोषण अन्तर्गतको **"एक विद्यालय एक नर्स कार्यक्रम"**लाई आवश्यकताको अध्ययन गरी साधन स्रोत सम्पन्न र विस्तार गर्न पहल गरिनेछ ।

२०) संघीय सरकार, प्रदेश सरकारको समन्वय र सहकार्यमा विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरिनेछ ।

२१) गाउँपालिकाभित्रको विद्यामान शिक्षक दरबन्दीलाई विद्यालय तथा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलानलाई निरन्तरता दिइनेछ ।

२२) बालविकास केन्द्रका शिक्षकहरुको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै गाउँपालिकाभित्रको वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यका आधारमा पुनर्वितरण गरिनेछ ।

२३) गाउँपालिकाभित्रको बालबालिकालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको पहुँच पुर्याउन भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२४) कृषि प्राविधिक  तथा व्यावसायिक शिक्षामा सवै वडाका बालबालिकाहरुको पहुँच पुर्याउन तथा गुणस्तरीय कृषि प्राविधिक उत्पादन गर्न आवश्यक पहल गरिनेछ ।

२५) विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्न प्राथमिक तथा आधारभूत तहमा वडास्तरीय र माध्यमिक तहमा गाउँपालिका स्तरीय विविध अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२६) विद्यालयतहमा सञ्चालन हुने परीक्षालाई अझ मर्यादित, विश्वसनीय, व्यवस्थित गरी गुणस्तर सुधारको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ ।

२७) विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जवाफदेहिता, उत्तरदायित्व प्रवर्द्धन टेवा पुर्याउन विद्यालय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यालय तह, वडागत र पालिकास्तरीय गरी प्रभावकारी बनाइनेछ ।

२८) संघीय सरकार र प्रदेश सरकारको सहयोग, समन्वय र साझेदारीमा विद्यालयहरुको भौतिक पूर्वाधार सुरक्षाको दृष्टिले भूकम्प तथा विपद् प्रतिरोधी, बालमैत्री, लैंगिकमैत्री तथा अपाङ्गतामैत्री बनाउन पहल गरिनेछ ।

२९) १५ देखि ६० वर्ष उमेर समुहका साक्षर हुन बाँकी व्यक्तिहरुलाई साक्षर बनाउन सामुदायिक सिकाइ केन्द्र, विद्यालयहरु र विभिन्न संघसंस्थाको सहयोग, समन्वय र साझेदारीमा साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३०) विद्यालय शिक्षामा समन्याय प्रवर्द्धन गर्न अनाथ, टुहुरा, अतिसीमान्तकृत, लोपोन्मुख, अतिविपन्न र दलित बालबालिकालाई विशेष छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३१) संस्थागत विद्यालयहरुमा बालमैत्री वातावरण सुनिश्चित गर्न नियमन तथा अनुगमनलाई सहभागीतामूलक बनाइनेछ ।

३२) अनुमति प्राप्त गरी सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरुको शिक्षण सिकाइलाई सहयोग गर्न शिक्षण अनुदान (teaching grants) विद्यार्थी संख्याका आधारमा व्यवस्था गरिनेछ ।

३३) बालविकास कक्षाहरुमा बालबालिकाको चाहना, उमेर, क्षमता, सिकाइस्तरका आधारमा सिक्ने र सिकाउने व्यवस्थाका लागि प्रारम्भिक साक्षरता र गणित कार्यक्रमलाई औचित्य र आवश्यकताका आधारमा निरन्तरता दिइनेछ ।

३४) गाउँपालिकाभित्रका युवाहरुमा खेलकुदको माध्यमबाट अनुशासन, गतिशिलता, शारीरिक तथा मानसिक विकास गर्न अन्तर वडास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३५) विद्यालय तहका विद्यार्थीहरुमा विकास, अनुशासन र गतिशिलता प्रवर्द्धन गर्न अन्तर माध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगिता व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरिनेछ ।

३६) उत्कृष्ट विद्यार्थी छनोट गरी छात्र तथा छात्रा छात्रवृत्तिको व्यवस्था गरीनुका साथै शैक्षिक वेरोजगार युवालाई लक्षित गरी सार्वजनिक सेवा तयारी कक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यकता पहिचान तथा प्रोत्साहन गरिनेछ ।

३७) खेलकुद क्षेत्रलाई संगठित तथा संस्थागत विकासका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्न पहल गरिनेछ ।

३८) गाउँपालिकामा खेलकुद क्षेत्रको प्रवर्द्धन र विकासका लागि गाउँपालिकास्तरीय खेलकुद मैदान/कभर्ड हल तथा खेलकुद ग्राम निर्माण गर्न पहल गरिनेछ ।

३९) प्रत्येक वडाको भौगोलिक आवश्यकता र औचित्यका आधारमा खेलकुद मैदान निर्माण गर्न सहकार्य र साझेदारीको आधारमा पहल गरिनेछ ।

४०) सार्वजनिक सेवामा विपन्न तथा जेहेन्दार नागरिकको पहुँच पुर्याउन "एक गाउँ एक अधिकृत तथा एक गाउँ एक इन्जिनियर" उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

४१) रोशी गाउँपालिकाको विद्यालय शिक्षालाई व्यवस्थापन तथा नियमन गर्न शिक्षा नीति/ऐन तथा नियमावली तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४२) विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिकास्तरीय नमूना विद्यालय सञ्चालन गर्न पहल गरिनेछ ।

४३) गाउँपालिकाभित्रका विद्यालयहरुलाई विद्यार्थी संख्या तथा आवश्ययकता अनुसार नक्साङ्कन गरी पहुँच, समन्याय र भौगोलिक अवस्थाको आधारमा विद्यालयहरुको स्थापना र समायोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४४) विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्न वैकल्पिक शिक्षा तथा निरन्तर शिक्षाको व्यवस्था मिलाइनेछ।

४५) विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न स्थानीय सरकार र प्रधानाध्यपकवीच, प्रधानाध्यापक र शिक्षकहरुवीच आवधिक कार्यसम्पादन करार गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ।

४६) शिक्षा क्षेत्रमा कार्यरत मानवस्रोतको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुधारका लागि नमूना विद्यालयहरुको अध्ययन अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाइनेछ।

४७) स्थानीय भाषाहरुको संरक्षण र प्रवर्द्धन गर्न भाषा नीति निर्माण तथा मातृभाषा शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

४८) बर्षको कम्तिमा १ पटक **हेल्थ क्याम्प र योग शिविर** संचालन गरिनेछ **|**

४९) रोशी गाउँपालिकाको लैंगिक समता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।

५०) वस्तीस्तर देखि गाउँपालिका तह सम्मको योजना निर्माण प्रकृयामा महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, लोपोन्मुख आदिवासी जनजातिको सहभागिता सुनिश्चितता गरिनेछ।

**५१) "जसको सवाल उसैको संलग्नता र नेतृत्व "** भन्ने नाराको साथमा बाल क्लव, महिला समूह, एकल महिला सञ्जाल, जेष्ठ नागरिक क्लव, दलित समूह, अपांगता भएका व्यक्तिहरुको संस्थाको सशक्तिकरण र सवलीकरणमा जोड दिइनेछ।

५२) बालबालिकाको प्रयोग मार्फत उत्पादित वस्तु तथा सेवाको उपभोगलाई निरुत्साहित गरिनेछ।

५३) परिचय पत्र वितरण र सामाजिक सुरक्षा भत्ता वितरणमा अपांगता भएको व्यक्ति तथा सामाजिक सुरक्षा पाउन योग्य तथा नपाएको व्यक्तिहरुलाई घरदैलोमा पुगेर सेवा उपलब्ध गराइनेछ।

५४) जेष्ठ नागरिक बुबा आमाको संरक्षण नगर्ने छोराछोरी प्रति गाउँपालिकाले कडाइका साथ निगरानी राख्नेछ र गाउँपालिकाद्धारा प्रदान गरिने सेवामा कडाइ गरिनेछ र राम्रो गर्नेहरु मध्ये प्रत्येक वडाका १ जनालाई श्रवणकुमार पुरस्कारबाट पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५५) दलितको मुद्धालाई पहिचानको भन्दा अधिकारको मुद्धा बनाइ परम्परागत सीप तथा प्रविधिलाई व्यावसायिकरण गर्न जोड दिइनेछ ।

५६) सामुदायिक स्वास्थ्य तथा सरसफाई प्रवर्धनको लागि महिला स्वास्थ्य स्वयंसेविका र महिला समूहहरु परिचालन गरिनेछ।

५७) स्वास्थ्य सम्बन्धी नीति निर्माण, सेवा प्रवाह र जनचेतनाको लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र साझेदारी गरिनेछ।

५८) खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

५९) मातृ तथा शिशु मृत्युदर घटाउनको लागि **"सुत्केरी आमा पोषिलो खाना"** कार्यक्रमका अतिरिक्त बालबचाउ कार्यक्रम संचालन गरिनेछ।

६०) गाउँपालिकामा प्रसुती सेवा सहितको १५ शैयाको अस्पताल निर्माण कार्यको थालनी गरिनेछ । यस अस्पताललाई अन्य ठूला अस्पतालको सेवासँग आबद्ध गरिनेछ । सवै वडाका स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि गर्ने र प्रसुती सेवा उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।

६१) नेपाल सरकारद्धारा सञ्चालित प्रत्येक नेपाली नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्ने कार्यक्रम सञ्चालनमा सहजीकरण गरिनेछ ।

६२) आयुर्वेद सेवालाई वैकल्पिक चिकित्साको रुपमा अघि बढाइनेछ ।

६३) युवाहरुको सीप र दक्षतामा वृद्धि गरी रोजगारीको अवसरहरु सृजना गर्न एक बहु प्राविधिक शिक्षालय स्थापनाको लागि केन्द्र तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।

६४) बस्ती स्तरमा लोप हुन लागेका साँस्कृतिक मेलाहरुको संरक्षण गर्दै आर्थिक उपार्जनको लागि पर्यटन प्रवर्धन सँग जोडिनेछ । धार्मिक तथा सांस्कृति सम्पदाको संरक्षणमा जोड दिइनेछ । लोपोन्मुख हायु जाती, पहरी जाती उत्थानको कार्यक्रम सञ्चालन गरिनेछ ।

६५) दलित समुदायको परम्परागत सीपलाई आधुनिकिरण गर्दै व्यावसायीकरणमा जोड दिइनेछ र महिला तथा बालबालिकाको विरुद्धमा हुने हिंसा र दुर्व्यबहार अन्त्य र सबै नागरिकको सम्मानको लागि लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाई लागू गरिनेछ ।

**वनवातावरण तथा विपद व्यवस्थापन (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला)**

१. वन वातावरण तथा जलाधार संरक्षण नीति एवं विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. वन वातावरण र विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता बढाउने, जनशक्ति व्यवस्थापन, स्थानीय सहभागिता प्रवर्धन गरिनेछ ।

३. वस्ती अयोग्य स्थानमा बसोबास गर्ने घर परिवारको सुरक्षा र खेती योग्य जमिन संरक्षणको लागि भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. राजमार्ग आसपासको बजार क्षेत्रको फोहोर व्यवस्थापनको लागि विशेष कार्यक्रम सञ्चालनको साथमा सार्वजनिक शौचालय सञ्चालनमा ल्याइनेछ ।

५. विपद व्यवस्थापन कोष वृद्धि गरी प्राकृतिक प्रकोपमा परेका परिवारको संरक्षणमा जोड दिइनेछ ।

६. विभिन्न सञ्चारका माध्यम मार्फत प्रकोप जोखिम न्यूनिकरण सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नयाँ बन्ने सबै घर तथा संरचनाहरुलाई भूकम्प प्रतिरोधी बनाइने व्यवस्था गरिनेछ र पुनःनिर्माण अन्तर्गत आवास निर्माण कार्यक्रमलाई सहजिकरण गरिनेछ ।

८. गाउँपालिकाद्धारा निर्मित विपद व्यवस्थापन तथा प्रतिकार्य योजनाको आधारमा विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा आपतकालीन उद्धार तथा राहत कोष र सामग्रीको व्यवस्था गरिनेछ।

९. सार्वजनिक जग्गा तथा वन क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिँदै वन क्षेत्रलाई आर्थिक स्रोतको एउटा प्रमुख आधार बनाइनेछ।

१०. जलवायु परिवर्तन र यसबाट पर्ने असर बारे आम नागरिकहरुलाई सचेत गराउनुका साथै औपचारिक शिक्षामा समेत यी विषय समावेश गरिनेछ।

११. उत्पादनमूलक क्षेत्रमा भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. **"जनताको खुसी सुन्दर र सफा रोशी "** भन्ने नाराका साथ रोशी सफाई अभियान सञ्चालन गरिनेछ। रोशी खोलालाई प्रदुषण हुनबाट जोगाउन आवश्यक नियम कानुन बनाएर कार्यान्वयन गर्नुका साथै रोशी खोला र वि.पि. राजमार्ग आसपासमा उद्यान तथा पार्कहरु निर्माणमा प्राथमिकता दिइनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

१. सेवा प्रवाहमा प्रवक्ता एवं सुचना अधिकारीको कार्यविवरण तयार गरी प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

२. गाउँपालिका र वडा कार्यालयहरुमा नियमित सार्वजनिक सुनुवाईको व्यबस्था गरिनेछ।

३. समग्र क्षेत्रको सुचना लाई अद्यावधिक र व्यवस्थित गरिनेछ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ।

५. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह जस्ता महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीबाट प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ।

६. रोशी गाउँपालिकाको दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारीता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाईन र मोवाइल एप्स मार्फत सूचना प्रवाह गरिनेछ।

७. सबै वडा कार्यालयमा ईन्टरनेटको पहुँच पुर्याईनेछ।

८. विद्युतीय हाजिरिको माध्यमबाट सुशासनमा थप जोड दिईनेछ।

९. बि.पि राजमार्गको संबेदनशिल ठाउँहरुमा सि.सि.टि.भि जडान गरिनेछ।

१०. गाउँपालिका भित्र संचालनमा रहेका हरेक उद्योगहरुमा काम गर्ने श्रमीकहरुको जीवन बिमा सम्बन्धित उद्योगले नै गर्नुपर्ने ब्यबस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

११. आफ्नै सरकार खुला सरकारको अवधारणालाई मूर्त रुप दिन संकलित राजस्वको विस्तृत सूचना हरेक ६/६ महिनामा सार्वजनिक गरिनेछ।

१२. नागरिक रिपोर्ट कार्ड, सार्वजनिक परीक्षण जस्ता संयन्त्रको प्रयोग गरी जवाफदेही बनाइनेछ।

१३. कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गरिनेछ।

१४. जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाइनेछ ।

१५. सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री प्रविधि राखी निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयन तथा अनुगमन गरिनेछ।

१६. दलित, सीमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन अनुरूप सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ।

१७. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गरिनेछ तथा उक्त वर्गको स्वरोजगारका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गरिनेछ।

१८. उद्यमीहरुलाई दोहोरो करको मार नपार्ने मात्र होइन, करको भार पनि न्यूनतम हुने गरी नीतिहरु ल्याइनेछ।

१९. करको प्रशासनिक प्रक्रियालाई सरलीकृत गरिनेछ। उठ्नुपर्ने सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन कर, घर बहाल कर, मनोरञ्जन कर, शुल्क र जरिवानाहरु एवं मालपोत जस्ता स्थानीय आम्दानीका व्यापक स्रोतहरुको सूक्ष्म अभिलेख राख्ने काम पारदर्शी र जवाफदेहीपूर्ण बनाउन आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरिनेछ। कर छली र चुहावट विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ।

**आदरणीय महानुभावहरु**

अन्त्यमा हामी जनताबाट निर्वाचित भएको ३ वर्ष व्यतित भैसकेको अवस्थामा जनताको सेवा प्रवाहमा राजनैतिक समझदारी, नैतिकता, इमानदारीता तथा पारदर्शिता प्रदर्शनमा कतै चुकेको त हैन भन्ने प्रश्न आम रोशी बासीहरुमा कही कतैबाट मुखरित हुनुले हामी हाम्रो जिम्मेवारीबाट विषयान्तर हुन खोजेको होकी भन्ने आशंका खडा भएको सन्दर्भमा यो नीति तथा कार्यक्रमले मात्र गति प्राप्त गर्न सक्दैन बजेट तथा कार्यक्रमको सहयोग विना नीति नाममा सिमित हुन सक्छ। राम्रा नीति तथा लोकप्रिय नीति बन्ने तर कार्यान्वयनमा प्रभावकारीता नहुने कटुसत्य हाम्रो सामु पनि हुन सक्छ। हामी नीति बनाउँदै तर त्यो नीति कार्यान्वयनको निम्ति संस्थागत संरचना र आवश्यक बजेटसँग तालमेल मिलाउन नसक्दा जनतामा निराशा हुने गर्दछ, नियामक निकायहरु र मिडियाहरुका अगाडी हामी फिक्का ठहरिने गर्दछौं जसको लागि बजेट तयारी गर्दा नीतिको अक्षरस विश्लेक्षण गरौं र अंकमा देखिने योजना मात्रै आफ्नो ठान्ने आत्मरतिबाट मुक्त होऔं भनी अनुरोध पनि गर्न चाहन्छु । यसमा तपाई हामी सबैको अथक परिश्रम, लगनशिलता र समर्पण भावको जरुरी हुन्छ। हरेक विषय र ब्यक्तिका बिच विभिन्न बुझाइका अन्तरहरु हुन सक्छन् यद्यपी ती सबै क्षेत्रका विषय र ब्यक्तिको अन्तिम ध्येय राष्ट्रको समुन्नति बन्न सके आपसी द्वन्द्वहरु स्वतहः समाप्त हुनेछन् । विखण्डनले विनाश मात्र निम्त्याउँछ भन्ने सर्वसत्यलाई स्वीकार्दै निशर्त र निश्वार्थ भावले रोशीको समृद्धिमा लागिरहन सम्पुर्ण जनप्रतिनिधि, राजनितिक दल, आम नागरीक, कर्मचारी तथा सरोकारवालाहरु सबैमा अनुरोध गर्दै यही दिशामा आफु पनि लागिरहने प्रण गर्न चाहन्छु।

**रोशीको जय होस्**

**धन्यवाद ।**

**१० आषाढ ,२०७७**

## आ.ब २०७७ ।०७८ को बजेट बक्तब्य

**आदरणीय अध्यक्ष महोदय तथा गाउँपालिका सदस्य ज्यूहरु,**

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानुन बनाउने, बार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप रोशी गा.पा आगामी आर्थिक बर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न म यस गरिमामय सभामा उभिएको छु । यस घडिमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु र विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट मृत्यु हुने प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उपचाररत विरामिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन,०७४ ले गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र बिषय क्षेत्रगत मध्यमकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालिन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नु पर्ने व्यवस्था गरेको छ ।

आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यमकालिन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई श्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ श्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन ०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन ०७४ ले अख्तियार गरे अनुसार गाउँपालिकाको बजेट विनियोजन गरेको छु ।

**आदरणीय अध्यक्ष महोदय,**

गाउँपालिकाको आर्थिक, सामाजिक, शासकीय व्यवस्थामा प्रभावकारिता ल्याउन नीतिगत मार्गदर्शन गर्ने, लगानीको माध्यमबाट विकासका आयमहरु थप फराकिलो बनाई आर्थिक विकासमा टेवा पुर्याउने कडीको रुपमा बार्षिक वजेटलाई लिइएको हुन्छ । हामीलाई थाहा छ, साधन र श्रोत अत्यन्त सिमित छन् तर हाम्रा ईच्छा र आकान्क्षाहरु श्रोत र साधनको क्षमता

भन्दा निक्कै गहन छन् । तथापि श्रोत, साधन र आपूर्तिको बीचमा तालमेल गराई कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, अर्थपूर्ण बनाउनु आजको आवश्यकता हो । यस कार्यमा सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र समर्थनको आशा गरेको छु ।

अब म, यस गाउँपालिकामा उपलब्ध श्रोतलाई निम्न आधारमा सन्तुलित एवं समन्यायिक सिद्धान्तको आधारमा योजना, बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएका विधि,पद्धति तथा आधारहरुको सन्दर्भमा चर्चा गर्न चाहन्छु ।

१) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, केन्द्र तथा प्रदेश सरकारको बार्षिक नीति, लक्ष्य, उद्देश्य, आवधिक विकास योजनाले लक्षित गरेका नीति तथा मापदण्ड ।

२) वडाको जनसंख्या तथा भौगोलिक अवस्था र बनोट ।

३) कोभिड-१९ को कारणले सृजित परिस्थिति र तत्कालिन आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढाँचा ।

४) वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिबीको अवस्था ।

५) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने कार्यक्रम ।

६) स्थानीय श्रोत,साधन र सहभागितामा सञ्चालन हुने कार्यक्रम ।

७) महिला, बालवालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिंग, भाषा, जातिलाई लाभ पुग्ने आयोजनाहरु ।

८) स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु ।

९) राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका निर्णयहरु ।

१०) विकासका समसामयिक मुद्धाहरु जस्तैः जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई तथा उर्जा संकट लगायतका विषयहरुलाई लिईएको छ ।

आदरणीय दाजुभाइ तथा दिदीबहिनी महानुभावहरु,

भौगोलिक विकटताले भरिपूर्ण यस गाउँपालिकाको धरातलीय अवस्थाको बारेमा यहाँहरु सबैजना जानकार नै हुनुहुन्छ । करीब ३८ हजार जनसंख्याको जनघनत्व रहेको यहाँको भौगोलिक भू-बनोट अत्यन्त कष्टकर भएता पनि महाभारत पर्वत श्रृंखलामा अवस्थित यस गाउँपालिकाको महत्व पर्यटन पर्यावरण र अमूल्य जडीबुटीको कारण धेरै छ । पर्यटनको हिसावले महत्वपूर्ण यहाँका केही क्षेत्रहरुलाई व्यवस्थित गर्ने तथा जडीबुटीको प्रशोधन गरी अन्तराष्ट्रिय बजारको व्यवस्थापन गर्न सकेमा यस क्षेत्रको आर्थिक अवस्थामा धेरै सुधार ल्याउन सक्ने देखिन्छ । जनताका ईच्छा र आकांक्षालाई अधिकतम संवोधन गर्नका लागि सिमित साधन र श्रोतको समुचित सदुपयोग गर्नु आजको चुनौती हो, यसलाई कुशलतापूर्वक अवतरण गर्नको लागि हामी सबैले हातेमालो गर्दै अगाडि बढ्नुको विकल्प छैन । तसर्थ संविधान, ऐन, नियम, कानुन, परिपत्र अनुसार निति तथा कार्यक्रमले लिएका मार्ग दर्शक सिध्दान्तलाई अक्षरशः पालना गर्दै वजेट तथा योजना तर्जुमा अनुरुप सवै क्षेत्रमा आर्थिक अनुशासन पूर्वक कार्यान्वयन तर्फ अग्रसर हुनु हामी सबैको दायित्व रहेको छ ।

अध्यक्ष महोदय ,

अव म, आ.ब ०७६/७७ मा भएका मुख्य मुख्य विषय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सम्बृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय सोच सहितको विकासका लक्ष्यहरु हाँसिल गर्न रोशी गाउँपालिकाको छैठौं गाउँ सभाबाट आ.ब २०७६/७७ का लागि रु. ६४ करोड ४२ लाख ५८ हजार ६ सय बार्षिक बजेट अनुमान गरिएकोमा हाल सम्मको आय र ब्ययको स्थितिलाई हेर्दा ६३ करोड ६८ लाख ७४ हजार(सामाजिक सुरक्षा बाहेक) हुने संसोधित अनुमान पेश गरेको छु।

कुल बजेट खर्च ब्यहोर्ने श्रोतहरु मध्ये २०७७ साल असार मसान्तसम्म गाउँपालिकाको आन्तरिक राजश्व ४ करोड ६२ लाख ५० हजार , संघको राजश्व बाँडफाँड ५ करोड ५० लाख १० हजार ७ सय ८०, प्रदेश राजश्व वाँडफाँड २ करोड ०४ लाख ७२ हजार , सामाजिक सुरक्षा भत्ता बापत रु. ७ करोड ८९ लाख ५५ हजार, सघिय समानिकरण १० करोड २८ लाख, प्रदेश समानिकरण अनुदान १ करोड १ लाख २९ हजार, संघको ससर्त २३ करोड ७१ लाख ६६ हजार , प्रदेश ससर्त १ करोड २५ लाख ६६ हजार, सडक बोर्डको १० लाख, स्थानीय पूर्बाधार साझेदारी कार्यक्रम (मा. गंगा बहादुर दोङ) को १ करोड ९ लाख ३० हजार, प्रदेश पुर्बाधार साझेदारी कार्यक्रम १ करोड( माननीय रत्न ढकाल ७० लाख र माननीय चन्द्र लामा ३० लाख) , औद्योगिक ग्रामको ९२ लाख, जि.स.स अनुदान २ करोड २० लाख ७८ हजार, मुल्य शृङखला ६ लाख, पंजिकरण विभागको १५ लाख ८ हजार, नेपाल सरकार समपुरक अनुदान ८० लाख, नेपाल सरकार विशेष अनुदान १ करोड ७५ लाख, प्रदेश समपुरक अनुदानको २ करोड, प्रदेश विशेष अनुदान ४९ लाख ८० हजार गरी कुल रु. ६३ करोड ६८ लाख ७४ हजार गाउँपालिका संचित कोषमा आम्दानी दाखिला हुने र सोहि अनुरुप खर्च अनुमान हुने गरेको छु।

रोशी गाउँपालिकाले विभिन्न क्षेत्रमा बजेट बिनियोजन गरी कार्यान्वन गरेकोमा धैरै बस्तीहरुमा मोटर बाटोको पहुँच पुगेको, विद्यालयहरुमा विज्ञान प्रयोगशाला,सुचना प्रविधि प्रयोगशाला, पुस्तकालय निर्माण, साक्षर गाउँपालिका घोषणा, दरबन्धि मिलान, विद्यालय भौतिक पुर्बाधार सुधार, शुन्य दरबन्दी भएको विद्यालयहरुलाई दरबन्दी र अनुदानको ब्यबस्था गरिएको छ । कोरोना भाईरसबाट श्रिजित विषम परिस्थितिमा विद्यार्थिहरुलाई रेडियो शिक्षा कार्यक्रम मार्फत भएपनि पठनपाठनलाई निरन्तरता दिईएको छ। रोशी गाउँपालिकाको २ स्थानमा ११० बेडको क्वारेन्टाईन चालु अबस्थामा रहेको छ। गाउँपालिकाले आ.ब २०७६/०७७ मा खरीद गरेको २ वटा एम्बुलेन्सको कारण कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा धैरै ठुलो सहयोग मिलेको छ । खानेपानी बाट बन्चित जनसङ्ख्याहरु लाभान्भित भएको, ज्येष्ठ नागरीक, लोपउन्मुख एवं दलित समुदायहरुको मुहारमा केही न केही खुसी छाएको अनुभुत गर्न पाएका छौ। कर्मचारी समायोजन तथा नयाँ पदपुर्ति मार्फत कर्मचारीहरु प्राप्त भई दैनिक कार्य सम्पादनमा सहजता भएको छ। हामीले उच्च प्राथमिकता दिएका डम्फु संग्रहालय, औद्योगिक ग्राम, खेलकुद ग्राम, गाउँपालिका भवन, वडा कार्यालय निर्माण जस्ता कार्यहरु कतिपय निर्माणाधिन रहेका र कतिपयको बजेट सुनिश्चितता भएको अवस्था छ। मुख्य प्राथमिकतामा रहेका आयोजनाहरुको विस्तृत सम्भाब्यता अध्ययन गरिएको कारण केन्द्र, प्रदेश र अन्य निकारहरुबाट सहयोग प्राप्त हुने क्रम बढेको छ। मुख्य काम हुने समयमा भएको महामारीको कारण गरीएका काममा केही सुस्तता आएको पक्कै हो तथापी लकडाउनको समयमा पनि हाम्रा विकास निर्माणका कार्यहरुलाई अगाडि बढाउनाले धैरै आयोजनाहरु सम्पन्न हुने अवस्थामा छन्। यस कार्यमा लागिपर्नुहुने आम उपभोक्ता, जनप्रतिनिधि र गा.पा कर्मचारीलाई धन्यबाद दिन चाहन्छु । लकडाउनका बिचमा पनि विकास निर्माणको कार्यलाई अगाडि बढाउन प्रयत्न गरिएको फल स्वरुप नारायणटार खानेपानी, बर्खेखोला खानेपानी, खार्पाचोक खानेपानी सहित ४ ठुला बाटो फराकिलो बनाउने काम समेत सम्पन्न हुने अवस्थामा रहेकोले विगतभन्दा जनजिवन थप सहज हुने विश्वास लिएको छु।

बोधिचित्तको कारोबारमा हुने अब्यबस्थित कुराहरुको न्युनिकरणका लागि बोधिचित्त माला संरक्षण तथा ब्यबस्थापन कार्यविधि,२०७६ निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ र यसबाट एकातिर स्रोत थप विस्तार भएको र अर्कोतर्फ अनावश्यक द्वन्द न्युनिकरणमा धेरै ठुलो सहयोग मिलने आशा गरिएको छ।

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले ठूलो आर्थिक संकट सामना गर्नु परेको छ। स्वास्थ्य संकटबाट उत्पादन, ब्यापार तथा लगानिसम्मको श्रृङ्खला प्रभावित भई नेपालको अर्थतन्त्रमा समेत संकुचन आउने स्पष्ट संकेत देखिएको छ। केन्द्र सरकारको अर्थतन्त्रसँगको अन्तरआवद्धताको कारण रोशीको आम्दानिका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ।

रोशी सरकारको चौंथो वर्षको बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने गहन जिम्मेवारीबोध गरेको छु। विगत तीन वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोरोना महामारीको कारण धक्का पुगेको छ। यस विषम परिस्थितिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यवद्धताले वर्तमान चुनौती सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास छ।

**उपस्थित महानुभावहरु,**

आगामी आ.ब २०७७/०७८ मा केन्द्र तथा प्रदेश सरकार एवं गाउँपालिकाको कुल रु. ५८ करोड ९९ लाख ५६ हजार आय र सोहो अनुसारको ब्यय हुने अनुमान गरेको छु। जस मध्ये साधारण प्रकृतिको बजेट ३० करोड ५८ लाख र पुँजिगत प्रकृतिको बजेट २८ करोड ४१ लाख ५६ हजार रहेको छ। बजेट ब्यहोर्ने श्रोतहरु माध्ये आन्तरिक श्रोत ३ करोड १६ लाख , संघको राजश्व बाँडफाँड ८ करोड ३९ लाख १० हजार, प्रदेश राजश्व वाँडफाँड २ करोड ७५ लाख ३५ हजार, संघिय समानिकरण १० करोड ४५ लाख, प्रदेश समानिकरण अनुदान १ करोड १ लाख ४४ हजार, संघको ससर्त २६ करोड ५४ लाख, प्रदेश ससर्त १ करोड ५४ लाख, सडक बोर्डको १० लाख, प्रदेश समपुरक अनुदानको २ करोड ९९ लाख २८ हजार, प्रदेश विषेश अनुदान ५० लाख, संघिय विषेश अनुदान १ करोड ५० लाख, मुल्य शृङ्खलाको ५ लाख गरि कुम रु. ५८ करोड ९९ लाख ५६ हजार हुने प्रक्षेपण गरेको छु।

आगामी वर्षको लागि प्राप्त हुने विभिन्न क्षेत्रको अनुमानित ब्ययलाई अनुसूचिमा समाबेश गरेको छु। जसको सारांसको रुपमा देहायनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. रोशी गाउँपालिका भौगोलिक दृष्टिकोणले अत्यन्त विकट हुँदाहुँदै पनि सम्भावनायुक्त क्षेत्र समेत भएको र पूर्वाधारको समुचित विकास विना अन्य क्षेत्रको विकासमा कठिनाई हुने भएकोले पूर्वाधार विकासमा आगामी आ व को लागि रु १४ करोड ९५ लाख २६ हजार विनियोजन गरेको छु।

२. त्यसैगरी शिक्षा, स्वास्थ्य, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई तथा जनसंख्या व्यवस्थापनको क्षेत्रमा रु ५ करोड ६२ लाख ५९ हजार विनियोजन गरेको छु।

३. रोशी गाउँपालिकाको समग्र विकासको लागि सहकारी, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र तथा पर्यटनको महत्वपूर्ण योगदान भएकोले आर्थिक विकासमा रु. १ करोड ३१ लाख ९० हजार विनियोजन गरेको छु।

४. जलवायु परिवर्तनको कारण वातारणमा परेको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न तथा भौगोलिक विकटताको कारण सबै क्षेत्रमा पुग्न सक्ने क्षति न्यूनिकरण तर्फ केन्द्रित भई विपद व्यवस्थापन विकास तथा वातावरण संरक्षणको लागि रु १ करोड १ लाख ५० हजार विनियोजन गरेको छु ।

५. त्यसैगरी संस्थागत विकास तथा सेवा प्रवाहको लागि रु १३ करोड ५९ लाख ६२ हजार विनियोजन गरेको छु।

६. गाउँपालिका लामो समयदेखि भाडाको घरमा संचालन हुँदै आएकोमा आगामी आ.ब बाट नै भवन डिजाईन गरी २ वर्ष भित्र भवन सम्पन्न गर्ने ब्यबस्था मिलाएको छु जसका लागि गाउँपालिकाको अतिरिक्त केन्द्र सरकार सँग समपुरक बजेट माग्ने गरी प्रबन्ध मिलाएको छु।

७. संक्रामक लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउन आवश्यक बजेट ब्यबस्था गरेको छु।

८. आगामि वर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा कोरोनाको रोकथाम गर्दै आर्थिक पुनरुत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य गर्ने तथा सार्बजनिक, निजि र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ मैले जोड दिएको छु।

९. चालू आ.ब देखि संचालनमा रहेको अपाङ्ग र टुहुरा विद्यार्थिलाई छात्रबृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिएको छु।

१०. विदेशबाट फर्किएका यूवा लक्षित व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको ब्यबस्था गरेको छु।

११. विभिन्न स्थानहरुमा Health camp र योग शिविर संचालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

१२. **"मैले तिरेको कर, फर्की आउछ मेरै घर"** भन्ने नारालाई स्थापित गर्न एक वर्ष भित्र सवैभन्दा बढी कर तिर्ने करदाताको फोटो सहितको बिबरण गाउँपालिकामा अभिलेखिकरण गर्ने प्रबन्ध मिलाएको छु।

१३. चालु आ.ब देखि संचलनमा ल्याईएको मंगलटार ल्याव लाई थप व्यवस्थीत गर्न आवश्यक कर्मचारी र उपकरणको प्रबन्ध गरेको छु।

१४. तीन बर्ष भित्र सबै नागरिकमा स्वास्थ्य बीमा पुर्याउने केन्द्र सरकारको कार्यक्रमलाई सम्पन्न गर्न गाउँपालिकाबाट सहजिकरण गरिनेछ।

१५. आयुर्बेदिक पद्धतिबाट हुने उपचारलाई प्रवर्धन गर्दै युवा शाखालाई परिचालित गरी योगका कार्यक्रमहरु संचालन गरिनेछ ।

१६. महिला स्वयंसेविकाहरुलाई सरसफाई, स्वास्थ्य सचेतना र स्वास्थ्य विमा कार्यक्रममा परिचालित गर्ने ब्यबस्था मिलाएको छु।

१७. **"सुसंस्कार हाम्रो पहिचान जेष्ठ नागरिकलाई सम्मान"** भन्ने नारालाई स्थापित गर्न जेष्ठ नागरिक बुबा आमाको संरक्षण नगर्ने छोराछोरी प्रति गाउँपालिकाले कडाइका साथ निगरानी राख्नेछ र गाउँपालिकाद्धारा प्रदान गरिने सेवामा कडाइ गरिनेछ र आफ्नो बाबु आमालाई राम्रो पालन पोषण गर्ने प्रत्येक वडाबाट कम्तीमा २ जना लाई प्रति ब्यक्ति रु. ५००० नगद र कदर पत्रसहित श्रवण कुमार पुरष्कारबाट सम्मानित गर्न आवश्यक बजेट ब्यबस्था गरेको छु।

१८. हरेक वर्ष अक्टोवर १ का दिन रोशी भरीका १ महिला र १ पुरुषलाई ज्येष्ठ गाउँ माता र पिता को उपमा द्धारा सम्मान गर्न बजेटको ब्यबस्था गरेको छु।

१९. **"जसको मन उसैलाई संरक्षण"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिका भित्र सबैभन्दा धैरै मौरी पालन गर्ने २ जना कृषकलाई ३ घार मौरी सहित पुरस्कृत गरिनेछ। सबैभन्दा धैरै दुध उत्पादन गर्ने दुई कृषकलाई रु. ३० हजार बराबरको बाछी किन्न अनुदान दिईने छ। सबैभन्दा धैरै बाख्रा पालन गर्ने दुई कृषकलाई रु. ३० हजार बराबरको बाख्रा किन्न पुरस्कार दिईनेछ।

२०. गाउँपालिकाभित्रका प्रत्येक नागरिकलाई सूचनाको हक दिलाउन रेडियो र साप्ताहिक पत्रिका मार्फत सूचना प्रवाह गर्न रकम बिनियोजन गरेको छु।

२१. सम्पूर्ण वडा कार्यालयमा ईन्टरनेटको पहुँच पुर्याउन आवश्यक बजेट बिनियोजन गरेको छु।

२२. पशुपालन व्यवसायको जोखिम न्यूनिकरणका लागि पशु बीमा कार्यक्रममा सहजिकरण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

२३. पशुमा लाग्ने रोगको पहिचान तथा उपचारको लागि रोग निदान तथा डिस्पेन्सरी कार्यक्रम सञ्चालन गर्न बजेट ब्यबस्था गरेको छु।

२४. पशुपालनलाई आय आर्जनको आधारको रुपमा स्थापित गरिनेछ। जसका लागि नश्ल सुधार, कृतिम गर्भधारण गर्न बजेट ब्यबस्था गरेको छु।

२५. कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि अबलम्बन गरिएको कदमको कारण दैनिक जनजीवनमा परेको प्रतिकुल प्रभावलाई सहज तुल्याउन संचालन गरिएको राहत कार्यक्रमलाई विकास निर्माणको काम सँग आवद्ध गर्ने प्रबन्ध मिलाएको छु।

२६. मर्यादित काम, सामाजिक सुरक्षा र आदर्श श्रम सम्बन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै सबै जनतालाई काम र रोजगारीको अवसर सिर्जना गर्ने तर्फ कार्यक्रम तय गरेको छु। कोभिड-१९ का कारण स्वदेश र विदेशमा रहेका नागरिक समेतको रोजगारिमा असर परेको तथ्यलाई मनन गरी रोजगारीका थप अबसरहरु सिर्जना गर्ने तर्फ बजेट केन्द्रित गरेको छु

२७. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक वडामा एक/एक वटा नमूना विद्यालय सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

२८. विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्न आधारभूत तथा माध्यमिक तह स्तरीय विविध अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

२९. विद्यालयतहमा सञ्चालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित गरी गुणस्तर सुधारको अभिन्न अङ्गको रुपमा विकास गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

३०. विद्यालय शिक्षामा प्रविधिगत खाडल (Digital Gap) न्यूनीकरण तथा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पठन पाठनको व्यवस्था गर्न शिक्षकहरुलाई आइ.सि.टी सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

३१. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न स्थानीय सरकार र प्रधानाध्यपकवीच, प्रधानाध्यापक र शिक्षकहरुवीच आवधिक कार्यसम्पादन करार गर्न आवश्यक प्रबन्ध गरेको छु।

३२. विभिन्न संघसंस्थाहरुको समन्वय र सहकार्यमा विद्यालयहरुलाई विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ु।

३३. बालविकास कक्षाहरुमा बालबालिकाको चाहना, उमेर, क्षमता, सिकाइस्तरका आधारमा सिक्ने र सिकाउने व्यवस्थाका लागि प्रारम्भिक साक्षरता र गणित कार्यक्रमलाई निरन्तरता दिएको छ ु।

३४. गाउँपालिका भित्रका युवाहरुमा खेलकुदको माध्यमबाट अनुशासन, गतिशिलता, शारीरिक तथा मानसिक विकास गर्न अन्तर वडा स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

३५. सरसफाई सम्बन्धि गुरुयोजना निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

३६. मातृ तथा शिशु मृत्यूदर घटाउनको लागि सुत्केरी आमा पोषिलो खाना कार्यक्रमका अतिरिक्त बालबचाउ कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।

३७. एक घर एक ईन्जिनियर र एक घर एक अधिकृत को अबधारणालाई सार्थक पार्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

३८. रोशी गाउँपालिकाको कालढुङ्गामा औद्योगीक ग्राम निर्माण गरिने छ सो का लागि केन्द्र सरकारबाट प्राप्त ९२ लाखका अतिरिक्त गाउँपालिकाले आवश्यक प्रबन्ध गर्नेछ।

३९. **"लिदैन म फोहर, घरमै बनाउँछु मोहर"** अभियानका साथ गाउँपालिका प ूर्ब बि.पि हाईवे मा रकेका कटुन्जे बजार, नार्के बजार, मंगलटार र माम्ति बजारमा शून्य फोहरउन्मुख नीतिगत तथा संस्थागत क्षमताको विकास गरिने छ र घरमै ब्यबस्थापन नभएको फोहोर लिन नमोबुद्ध नगरपालिकाको उपकरण र जनशक्ति सँग साझेदारी गरिने छ।

४०. प्रचलित कानून अनुसार निर्धारण भएको कर तथा गैर कर राजस्व परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। वहाल कर र ब्यवसाय दर्ता तथा व्यवसाय कर संकलनका लागि वडास्तरीय कार्यक्रम सञ्चालन गरिनेछ।

४१. रोशी गाउँपालिका क्षेत्रको विकास क्रियाकलापमा आउन सक्ने वित्तीय जोखीम न्यूनीकरणका लागि कार्ययोजना स्वीकृत गरी लागू गरिनेछ। सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाइनेछ।

४२. गाउँपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य वेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ।

४३. गाउँपालिकाबाट योजना सञ्चालन गर्दा रनिङ्ग विल र कार्य प्रगतिको आधारमा भूक्तानी गर्ने परिपाटीको विकास गरिनेछ। पुरानो पेश्की वेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिगत व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

४४. बेरोजगार रहेका, कोरोनाका कारण रोजगारी गुमेका र बैदेशिक रोजगारीबाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागितामूलक र प्रबिधि सहितको श्रममुलक विकास निर्माणमा परिचालन गरिने छ।

४५. बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुको सीप, अनुभव, र रुचिको अभिलेख बनाई गाउँभित्र सिर्जना हुने कामका अवसरमा जोड दिने र विन्धबासिनि सहकारीसँग साझेदारी गरी ५% ब्याज अनुदान दिन रु. २० लाख बिजियोजन गरेको छु ।

४६. गरिबीको रेखामुनि परेका परिवारका बालबालिकालाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो पारेको छु । विशेष संरक्षण आवश्यक भएका अनाथ तथा अति जोखिममा परेका बालबालिकाको लागि भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्न सामाजिक संस्थाहरु समेत परिचालन गर्ने ब्यबस्था मिलाएको छु ।

४७. रासायनिक मलको सुनिश्चितता गर्न सहकारीलाई अभिप्रेरित गरिनेछ ।

४८. कृषि जमिनमा कृषकको पहुँच विस्तार गर्न करार खेती, चक्लाबनदी र सामुदायिक सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । कृषि उपजको समर्थन मूल्य तोकी खरीद गर्ने ब्यबस्था मिलाईने छ । सामुहिक खेती गर्ने समुहलाई मात्र शीत भण्डार निर्माण अनुदान दिईनेछ ।

४९. फलफूलका विरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रुपमा संञ्चालन गरिनेछ । नर्सरी स्थापना गरि फलफुलको बिरुवा उत्पादन गर्नेलाई प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

५०. कृषकलाई ब्यबसायिक पशुपन्छीपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन, घाँस खेती र बृहत् चरण क्षेत्र विकास तथा गुणस्तरीय पशु स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।

५१. खेती योग्य जमिन बाँझो नराख्ने निति अबलम्बन गर्नको लागि भूमि बैङ्क स्थापनाका लागि पहल गरिनेछ ।

५२. सहकारी क्षेत्रको सिद्धान्त, मूल्य मान्यतासँग तादम्यता हुने गरी सहकारी अभियानलाई अघि बढाउन संस्थागत क्षमता बृद्धि, स्व-नियमन र सुशासन प्रवर्धन गरिनेछ ।

५३. कोरोनाका कारण स्वदेश फर्किएका कामदारहले अवसर पाउने गरि सीप विकास, तालिम र प्रविधिको पहुँच पुर्याउने प्रबन्ध मिलाएको छु । कोरोनाको कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार शृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रुपान्तरण गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन उत्पादन र सेवा क्षेत्रका हस्तकला, प्लम्बिङ, बिजुली मर्मत, ईलेक्ट्रोनिक्स, कुक, सिकर्मि, डकर्मी, सिलाई कटाई, ब्युटिसियन, कपाल कटाई लगायतका सीप विकास तालिम तथा प्रशिक्षण संचालनका लागि विभिन्न निकायमा पहल गरिने छ ।

५४. करका प्रशासनिक प्रक्रियालाई सरलीकृत गरिनेछ । उठ्नुपर्ने सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन कर, घर बहाल कर, मनोरञ्जन कर, शुल्क र जरिवानाहरु एवं मालपोत जस्ता स्थानीय आम्दानीका व्यापक स्रोतहरुको सूक्ष्म अभिलेख राख्ने काम पारदर्शी र जवाफदेहीपूर्ण बनाउन र कर छली र चुहावट रोक्न आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरिनेछ ।

५५. उपभोक्ता समिति मार्फत गरिने कार्यका लागि चैत्र मसान्तसम्म मात्र सम्झौता गरिनेछ । चैत्र मसान्त पछि गाउँपालिकाबाट योजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी कुनै सम्झौता गरिने छैन ।

५६. नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने सशर्त अनुदान खर्च गर्ने सम्वन्धमा प्राप्त योजना तथा कार्यक्रमलाई अनुसुचीमा राखि सोहि बमोजिम स्वीकृत गर्ने प्रस्ताव गरेको छु ।

**उपस्थित महानुभावहरु,**

मैले गाउँपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरेको बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरेको छु । यस सम्बन्धी विस्तृत अनूसूचिहरु पुस्तिकामा प्रकाशित भई यहाँहरुको हातहातमा परिसकेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँदछु । वडा तथा वस्तीस्तरीय भेलामा अधिकांश जनताको सहभागितामा छनौट र प्राथमिकीकरण भएका योजनाहरु प्राथमिकतामा पर्दापर्दै पनि पालिकाको सिमित श्रोतका कारणले योजनाहरु समावेश गर्न

नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । त्यसरी प्राथमिकतामा नपरेका योजनाहरुलाई योजना बैंकमा समावेश गरी अन्य दातृ निकायहरुसँग समन्वय गर्दै श्रोतको व्यवस्था मिलाई संचालन गर्न प्राथमिकतामा राखिने तथा आगामी आ.व.हरुमा समेत क्रमशः कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अनुरोध गर्दछु ।

**आदरणीय उपस्थित महानुभावहरु,**

उल्लेखित बजेट एवं योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत,नीतिगत र कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकता अनुसार सरकारी, गैर सरकारी संघसंस्था, निजीक्षेत्र, नागरिक समाज, सहकारी र उपभोक्ता समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्याङ्कनको आवश्यक व्यवस्था मिलाईनेछ । जसबाट बजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रबर्द्धन हुने विश्वास गरेको छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा गाउँपालिकाका सबै पदाधिकारी ज्यूहरुको सक्रिय सहभागिता र पृष्ठपोषण हाम्रा लागि महत्वपूर्ण रह्यो । विकासप्रतिको एकता, संवेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी सरोकारवाला निकायबीच रहेको उच्चस्तरीय समन्वय र समझदारी हाम्रा लागि कार्य सफलताको कडी बन्यो । यस प्रति हामी सदैव कृतज्ञ छौ । यसखालका उदाहरणीय सहयोगको लागि रोशी गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**अन्त्यमा,**

हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्त तथा अमूल्य समयको बाबजुद यस कार्यक्रममा पाल्नु भएका गाउँपालिकाका सदस्य ज्यूहरु,कर्मचारीहरु, सरोकारवाला सवैमा हामी आभारी छौं । गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका सबै चरणहरुमा सहभागी हुनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्बद्ध सबै पक्षबाट सदाझैं निरन्तर सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दै वार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने सबै पदाधिकारी ज्यूहरु,विषयगत निकाय, गाउँपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै गरिमामय यस सभामा उपस्थित सबै विशिष्ट महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा भएका कमी कमजोरी प्रति क्षमायाचना माग्दै स्वच्छ सफा हराभरा सुशासन युक्त रोशीको अनुभूति सवै क्षेत्रबाट हुने आशाका साथ रोशी गाउँपालिकाको सातौं गाउँ सभामा बजेट तथा कार्यक्रमको प्रस्तुति यही अन्त्य गर्दछु ।

**धन्यवाद ।**

लक्ष्मी कुमारी वतौला उप्रेती

उपाध्यक्ष

आषाढ, २०७७